नेपाल सरकार

**सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाण्डौ

# सवारी साधन खरिद कार्यको लागि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१०/२३

यस मन्त्रालयको लागि तपशिल बमोजिमको सवारी साधन बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक/कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना मन्त्रालयको website: www.moga.gov.np मा पनि हेर्न सकिनेछ ।

१) बोलपत्र फाराम खरिद गर्न चालु आ.व.का लागि नवीकरण भएको ईजाजतपत्र, आयकर दर्ता, मु.अ.कर दर्ता र बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले २०७४/११/२३ गते सम्म यस मन्त्रालयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएका बोलपत्र २०७४/११/२४ गते दिनको १२:०० बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस मन्त्रालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र मन्त्रालय प्रतिनिधिकहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै मन्त्रालय खुलेको दिन सोही समयानुसार हुनेछ ।

४) बोलपत्र साथ जमानत बापतको बोल कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम एभरेष्ट बैंक लि., सिंहदरबार स्थित धरौटी खाता नं. ख ३-१३५००१ (यस मन्त्रालयको कोड नं. २७३५६०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस मन्त्रालयको नाममा जारी गरिएको Bid-Bond (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नुपर्नेछ ।

५) म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखीएको बोलपत्र उपर कारवाही हुने छैन ।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७) यस मन्त्रालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।

८) बोलपत्र स्वीकृत भएपछी कबुल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा यस मन्त्रालयको नाममा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

९) बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।

१०) बिद्युतिय माध्यमबाट बोलपत्रमा सहभागी हुन http://www.bolpatra.gov.np मार्फत प्राप्त निर्देशन अनुसार बोलपत्रमा भाग लिन सक्नेछन् । बोलपत्र फाराम दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरबारको एभरेष्ट बैंक लि. सिंहदरबार स्थित राजस्व खाता नं. ५२०१२६५ (राजश्व शिर्षक नं. १४२२७ र यस मन्त्रालयको कोड नं. २७३५६०१)मा नगदै जम्मा गरेको भौचरको scanned copy बोलपत्रसाथ Upload गर्नुपर्नेछ र सोको सक्कल प्रति Complete Bidding Document को Soft Copy बोलपत्र खोलेको मितिले ७ (सात) दिन भित्र यस मन्त्रालयमा पेश गरी सक्नु पर्नेछ ।

११) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अनय प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२) बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनुपर्नेछ ।

| Contact Identification No. | Description | Quantity | Estimate (NRs) VAT Exclusive | Minimum Bid Security Amount | Cost of Bid Document |
|---|---|---|---|---|---|
| MoGA/G/NCB/2074-75/P1 | Supply of Hatchback Car | 1 | 22,12,389.38 | Rs. 70,000.00 | Rs. 3,000.00 |